रामधुनी नगरपालिका

**स्थानीय राजपत्र**

खण्ड: ८ संख्या: ६ मिति: २०८१ साल माघ ०९ गते

भाग-२

## रामधुनी नगरपालिकाको
## नगर प्रहरीको गठन,सञ्चालन तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८१

नगर सभाबाट स्वीकृत मिति: २०८१।०९।२८

प्रमाणिकरण मिति: २०८१।१०।०९

राजपत्रमा प्रकाशित मिति: २०८१।१०।०९

**प्रस्तावना**

नगरपालिका भित्र कानूनको शासन स्थापित गर्दै नागरिकहरुलाई शान्ति र सुरक्षा तथा व्यवस्थाको प्रत्याभुति गर्न, बजार व्यवस्थापन, नगरक्षेत्र भित्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्धन गर्न तथा विपद् व्यवस्थापन र अन्य आकस्मिक घटनाहरुको तत्काल सम्बोधन, समन्वय गरि नागरिकको जीउ धनको सुरक्षा गर्दै नगर भित्र सुव्यवस्था कायम गरी नगरबासीलाई स्थानीय सरकारको अनुभूति प्रदान गर्न नगर प्रहरीको गठन, सञ्चालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी रामधुनी नगरपालिकाको नगरसभाले यो ऐनबनाई लागू गरेको छ।

परिच्छेद-१

**प्रारम्भीक**

**१.संक्षिप्त नाम र प्रारम्भ**

क. यो ऐनको नाम "नगर प्रहरी ऐन," २०८१ रहेको छ।

ख. यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पछि तुरुन्त लागू हुनेछ।

२. परिभाषा: विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:

(क) "नगरपालिका" भन्नाले रामधुनी नगरपालिकालाई सम्झनु पर्दछ।

(ख) "नगरसभा" भन्नाले रामधुनी नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ।

(ग) "नगर प्रमुख" भन्नाले रामधुनी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

(घ) " नगर उपप्रमुख" भन्नाले रामधुनी नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ।

(ङ) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालयसम्झनु पर्दछ।



CamScanner

(च) "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले रामधुनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न खटाइएको अधिकृत लाई सम्झनु पर्दछ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियम वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम वा नगर कार्यपालिकाको निर्णयबाट तोकिए बमोजिम सम्झनु पर्दछ।

(ज) "नगर प्रहरी प्रमुख" भन्नाले रामधुनी नगरपालिकाबाट नियुक्त नगर प्रहरी सहायक निरिक्षक वा उक्त पदमा रिक्त रहेको अवस्थामा कार्यालयले तोकेको नगर प्रहरीलाई सम्झनु पर्दछ।

(झ)"नगर प्रहरी कर्मचारी" भन्नाले रामधुनी नगरपालिकाबाट नियुक्त नगर प्रहरी सहायक निरिक्षक, हवल्दार र जवान समेतलाई सम्झनु पर्दछ।

(ञ) "जवान" भन्नाले नगर प्रहरी सहायक निरिक्षक र हवल्दार वाहेकका नगर प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।

(ट) "पदपुर्ति समिति" भन्नाले यो ऐनको दफा ८ बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्दछ।

(ठ) "वारुण यन्त्र कर्मचारी " भन्नाले नगर प्रहरी अन्तर्गत तालिम प्राप्त अग्नी नियन्त्रक (फायर म्यान) कर्मचारीलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## नगर प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रण

३. **नगर प्रहरीको व्यवस्था:**-(१) नगरपालिकामा एक नगर प्रहरी सेवा रहनेछ।हाललाई नगर प्रहरी संगठनव प्रमुख नगर प्रहरी सहायक निरिक्षक रहनेछ।

(२)नगर प्रहरी सेवामा देहाय बमोजिम नगर प्रहरी कर्मचारीहरु रहनेछन्।

(क) नगर प्रहरी सहायक निरिक्षक- १ (एक) सहायकस्तर चौथो तह

(ख) नगर प्रहरी हवल्दार - २(दुई) सहायकस्तर तेश्रो तह

(ग) नगर प्रहरी जवान - ९(नौ) सहायकस्तर दोश्रो तह

(३) नगरसभाले नगर प्रहरीको उल्लेखित दरबन्दी हेरफेर गर्न सक्नेछ र सो दरबन्दीमा आवश्यकता अनु पदपूर्ति गरिनेछ ।

(४) नगर प्रहरी सेवामा रहने नगर प्रहरी कर्मचारीहरुको तह र श्रेणी अनुसारको संख्या नगर सभाले निर्धारण स्वीकृत गरे बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम नगर सभाले नगर प्रहरीको थप दरबन्दी सृजना गर्नु अघि सो पद सृजना र कारण, कार्यबोझ, कार्य प्रकृति, आवश्यकता र औचित्यका आधारमा संगठन तथा सर्वेक्षण (ओ.एन. एम) गर्नु पर्नेछ ।

(६) नगर प्रहरीको संगठन समावेशी स्वरुपको हुनेछ।

(७) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण तयार गर्नेछ र त्यस्तो कार्य विवरणमा सम्बन्धित पदको कर्तव्य र अधिकार समेत उल्लेख गर्नु पर्नेछ ।

(८) नगर प्रहरी सेवा करारमा नियुक्त गरिनेछ।यसरी सेवा करार भएका नगर प्रहरी कर्मचारीको कार्य र सन्तोष जनक भएमा प्रत्येक ६/६ महिनामा म्याद थप गरि करार सम्झौता नविकरण गरिनेछ ।

४. **नगर प्रहरीको सञ्चालन एंव परिचालन:**- (१) नगर प्रहरी नगरपालिका प्रति उत्तरदायी हुनेछ।



CamScanner

(२) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको रेखदेख, निर्देशन र नियन्त्रण गर्नेछ ।

(३) नगरपालिकाको आदेश र निर्देशनको पालना गर्नु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

५. <u>नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार</u>:- (१) नगरपालिकाले गरेको निर्णय कार्यान्वयन गर्न सहयोग पुर्याउने कार्य गर्नु नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) का अतिरिक्त नगर प्रहरीले देहायका कार्यहरु गर्नु पर्नेछ।

(क) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णय कार्यान्वनमा सहयोग पुर्याउने,

(ख) नगरपालिकावाट आयोजित सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापनमा सहयोग पुर्याउने,

(ग) नगरभित्रको बजार, सडक, पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापनमा सहयोग पुर्याउने,

(घ) नगरपालिकाको सम्पति र सम्पदाको संरक्षण गर्ने,

(ङ) सार्वजनिक ऐलानी र प्रति जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पुर्वाधारको संरक्षण र सुरक्षामा सहयोग पुर्याउनु,

(च) विपद् व्यवस्थापन सम्वन्धि खोजी, उद्धार राहत तथा पुनर्स्थापनामा सहयोग पुर्याउने,

(छ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रणमा सहयोग पुर्याउने,

(ज) छाडा पशु चौपायाको नियन्त्रणमा सहयोग पुर्याउने,

(झ) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पति अतिक्रमण, रोकथाम तथा नियन्त्रणमा सहयोग पुर्याउने,

(ञ) नगरपालिकाले तोके वमोजिम अन्य कार्यहरु गर्ने गराउने,

(३) नगर प्रहरीको ड्युटीको खटन पटन तथा अन्य जिम्मेवारीको बाँडफाँड नगरपालिकाले तोके बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछ, दैनिक रुपमा निजले सो को जानकारी कार्यालयलाई दिनु पर्नेछ ।

(४) कार्यालयले तोकेको जुनसुकै समयमा पनि उपस्थित भई काम गर्नु नगर प्रहरीको कर्तब्य हुनेछ ।

(५) नगर प्रहरी प्रमुखले नगर प्रहरीको हाजिरी, विदा तथा ड्युटी अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

(६) रामधुनी नगरपालिकवाट संचालन भईरहेको वारुण यन्त्र (दमकल) को सञ्चालन तथा व्यवस्थापन प्रमुख प्रशासकीय अधिकृतको निर्देशनमानगर प्रहरी प्रमुखले गर्नेछ ।

(७) दैनिक रुपमा नगर प्रहरीवाट भए गरेको कार्य सम्पादनको विवरण नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

## <u>परिच्छेद-३</u>

## <u>नगर प्रहरीको नियुक्ति र सेवा शर्त सम्बन्धि व्यवस्था</u>

६. <u>नगर प्रहरी सेवाको पदपुर्ति</u>:- (१) नगर प्रहरी सेवाको देहाय बमोजिम पुर्ति गरिनेछः-

| पद | खुल्ला प्रतियोगिता द्वारा | आन्तरिक प्रतिस्पर्धा |
|---|---|---|
| नगर प्रहरी जवान | शत प्रतिशत | |
| नगर प्रहरी हवल्दार | | शत प्रतिशत |
| नगर प्रहरी सहायक निरिक्षक | ४० प्रतिशत | ६० प्रतिशत |



CamScanner

(२) खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने पदहरुमा समावेशिताको सिद्धान्तको आधारमा पदपूर्ति हुनेछ।

(३) नगरपालिका द्वारा खुल्ला प्रतियोगिताबाट पदपूर्ति गरिने पदमा नियुक्ति गर्दा नगरपालिका भित्र स्थायी बसोबास भएका उम्मेदवारको हकमा निश्चित अंकभार छुट्याउन सकिनेछ ।

७. <u>नगर प्रहरीको न्युनतम योग्यता तथा अयोग्यता</u>:-

(१) खुल्ला प्रतियोगिता द्वारा नियुक्त हुने नगर प्रहरी सेवाको विभिन्न पदमा उम्मेदवार हुन न्युनतम शैक्षिक योग्यता र अन्य योग्यता देहाय बमोजिम हुनेछ ।

१. नगर प्रहरी जवान:

(क),नेपाली नागरिक

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.ई.ई/ एस.एल.सि. वा सो सरह उतिर्ण

(ग) दरखास्त दिने अन्तिम म्याद सम्ममा १८ वर्ष उमेर पुरा भई २५ वर्ष ननाघेको तर अन्य सरकारी सुरक्षा निकाय बाट अवकास भएका व्यक्तिको हकमा ४५ वर्ष ननाघेको

(घ) ,नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको

(ङ) कुनै पनि राजनितिक दलकोसदस्य नरहेको,

(च) पुरुषको हकमा: घटिमा ५.२ फिट उचाई, छाति ३१-३३, तौल कम्तिमा ५२ के.जि., महिलाको हकमा: घटिमा ५ फिट उचाई, तौल कम्तिमा ५० के.जि.,आँखा माइनस २ वा प्लस २ भन्दा कमजोर नभएको,

२. नगर प्रहरी हवल्दार:

(क),नेपाली नागरिक

(ख)मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.ई.ई/ एस.एल.सि. वा सो सरह उतिर्ण

(ग) दरखास्त दिने अन्तिम म्याद सम्ममा १८ वर्ष उमेर पुरा भई २५ वर्ष ननाघेको तर अन्य सरकारी सुरक्षा निकाय बाट अवकास भएका व्यक्तिको हकमा ४५ वर्ष ननाघेको

(घ) ,नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको

(ङ) कुनै पनि राजनितिक दलकोसदस्य नरहेको,

(च) पुरुषको हकमा: घटिमा ५.२ फिट उचाई, छाति ३१-३३, तौल कम्तिमा ५२ के.जि., महिलाको हकमा: घटिमा ५ फिट उचाई, तौल कम्तिमा ५० के.जि.,आँखा माइनस २ वा प्लस २ भन्दा कमजोर नभएको,

३. नगर प्रहरी सहायक निरिक्षक:

(क),नेपाली नागरिक

(ख)मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उतिर्ण

(ग) दरखास्त दिने अन्तिम म्याद सम्ममा १८ वर्ष उमेर पुरा भई २५ वर्ष ननाघेको तर अन्य सरकारी सुरक्षा निकाय बाट अवकास भएका व्यक्तिको हकमा ४५ वर्ष ननाघेको

(घ) ,नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको

(ङ) कुनै पनि राजनितिक दलकोसदस्य नरहेको,

(च) पुरुषको हकमा: घटिमा ५.२ फिट उचाई, छाति ३१-३३, तौल कम्तिमा ५२ के.जि., महिलाको हकमा: घटिमा ५ फिट उचाई, तौल कम्तिमा ५० के.जि.,आँखा माइनस २ वा प्लस २ भन्दा कमजोर नभएको,

(२) देहायको अवधिभर नगर प्रहरी कर्मचारी आन्तरिक प्रतिस्पर्धाका लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन:



CamScanner

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) आन्तरिक प्रतिस्पर्धा रोक्का गरिएकोमा सो अवधिभर,

(ग) बहाल रहेको पदमा तिनपटक भन्दा बढी नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

(३) देहायको व्यक्ति नगर प्रहरी सेवामा नियुक्ति हुन अयोग्य मानिनेछः

(क) गैर नेपाली नागरिक,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार ठहरिएको व्यक्ति,

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको व्यक्ति,

(घ) अदालतबाट मानव अधिकार वा मानवीय कानुनको उल्लघंनमा कसूरदार ठहरिएको व्यक्ति।

८. <u>पदपुर्ति समितिः</u>-

(१) नगर प्रहरीको खुल्ला तथा आन्तरिक प्रतिस्पर्धा प्रतियोगिताद्वारा पदपूर्ति हुने पदको लागी देहाय बमोजिमको पदपूर्ति समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) नगर क्षेत्र भित्र ईलाका प्रहरी चौकी भए सो को प्रमुख- सदस्य

(ग) कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य

(स्पष्टिकरणः- खण्ड (ख) को प्रयोजनका लागिनगर क्षेत्र भित्र ईलाका प्रहरी चौकी नभए हाल पद बहालवाला रहेको वा अवकाश प्राप्त अधिकृत स्तरको सुरक्षाकर्मीबाट नगर प्रमुखले तोकेको एक जना सदस्य)

(२) नगर प्रहरीको करार सेवाको पदपुर्ति खुल्ला प्रतियोगिता तथा आन्तरिक प्रतिस्पर्धा द्वारा गरिनेछ। यसरी पदपुर्ति गर्दा नगर प्रहरीलाई समावेशी बनाउन लोक सेवा आयोगले अबलम्बन गरेको आरक्षणको सिद्वान्त तथा मापदण्ड बमोजिम प्रतिशत छुट्टयाई सो को आधारमा पदपुर्ति गरिनेछ।

(३) यस ऐनमा यन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम पहिलो पटक नगर प्रहरीमा पदपुर्ति गर्दा सबै पदमा खुला पदमा पदपुर्ती गर्न सकिनेछ । साथै नेपालको सरकारी सुरक्षा निकायबाट समान पदमा अवकास प्राप्त भएका व्यक्तिहरुबाट मात्र पदपुर्ति गर्न बाधा परेको मानिने छैन ।

९. <u>पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः</u>- नगर प्रहरी कर्मचारीको पदपूर्तिको सिलसिलामा पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)खुल्ला तथा आन्तरिक प्रतिस्पर्धा प्रतियोगिताको माध्यमबाट पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने।

(ख) पदपूर्ति कार्यतालिका बनाउने ।

(ग) परीक्षाको किसिम तोक्ने ।

(घ) परिक्षाका लागि विज्ञापन प्रकाशित गर्ने ।

(ङ) परिक्षा संचालन गर्ने ।

(च) नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तिका लागि सिफारीस गर्ने ।

(ज)नगर प्रहरी सेवाको पदमा नियुक्ति र आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट नियुक्ति गर्दा अपनाउनु पर्ने सामान्य सिद्वान्त अनुसार पदपुर्ति सँग सम्बन्धित अन्य कार्य गर्ने ।



CamScanner

१०. <u>छनौट सम्बन्धि व्यवस्था:</u> नगर प्रहरी कर्मचारी कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सुचिकरण तथा छनौट व्यवस्था देहाय बमोजिम हुनेछ।

१) नगर प्रहरी कर्मचारीको तोकिएको कार्य बिवरणबमोजिक पद, योग्यता, पारीश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सुचनापाटी, वेभसाइट तथा अन्य कुनै सार्वजनिक स्थलमा अनुसुची-१ बमोजिमको ढाचाँमा कम्तीमा १५ (पन्ध्र) दिनको सुचना प्रकाशन गर्नुपर्नेछ ।

२) दरखास्त फारामको नमुना अनुसुची-२ बमोजिम हुनेछ ।आवेदन दस्तुर पदपुर्ति समितिबाट निर्धारण भए बमोजिम हुनेछ ।

३) नगर प्रहरी कर्मचारीका लागि आवेदन दिने उम्मेदवारहरुको शारीरीक तथा स्वास्थ्य परिक्षण नेपाल प्रहरीको प्रचलित मापदण्ड अनुसार हुनेछ।

४) उपदफा (३) बमोजिमको परिक्षामा उत्तीर्ण उम्मेदवारहरुलाई देहायको आधारमा पदपुर्ति समितिले मुल्याङ्कन गर्नुपर्नेछ ।

(क) शैक्षिक योग्यता बापत -६० (साठी) अंक, (न्युनतम शैक्षिक योग्यता बापत ५० र मायिल्लो शैक्षिक योग्यता बापत थप १० अंक)

(ख) कार्य अनुभव बापत -१०(दश) अंक (प्रति वर्ष २ अंकको दरले, नेपाली सेना, नेपाल प्रहरी तथा सस्त्र प्रहरी बल नेपालमा सेवा गरेको प्रमाणित पत्र संलग्न भएको हुनुपर्ने) ।

(ग) स्थानिय वासिन्दालाई देहाय़ बमोजिम-१०(दश) अंक

रामधुनी नगरपालिकाको वासिन्दा भएमा -१०(दश) अंक

सुनसरी जिल्लाको वासिन्दा भएमा -५ (पाचँ) अंक

(घ) अन्तरवार्तामा अधिकतम २० (बीस अंक ।

यस अनुसार अंक प्रदान गर्दा न्युनतम ८ (आठ) र अधिकतम १४ (चौध) को सीमा भित्र रही अंक प्रदान गर्नुपर्दछ ।

११. <u>योग्यताक्रम सूची तयार गर्ने र नियुक्ति गर्ने:-</u> (१) उम्मेदवारहरुले दिएको शारीरिक तन्दुरुस्ती, स्वास्थ्य परिक्षण र अन्तवार्तामा प्राप्त गरेको अंक समेतको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति लागि सिफारिस गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पदपूर्ति समितिले नियुक्तिका लागि सिफारिस गर्दा रिक्त पदको बढीमा पन्ध्र प्रतिशत सम्म योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवार राख्नु पर्नेछ ।

(३) वैकल्पिक उम्मेद्वारहरको एक वर्षसम्म पनि नियुक्ति प्राप्त नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

(४) उपदफा(१)बमोजिम नियुक्तिको लागि सिफारिस गरिएका उम्मेद्वारलाई सिफारिश भएको मितिले पन्ध्र दिन भित्र प्रमुह प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिई अनुसुचि-३ बमोजिम करार सम्झौता गर्नु पर्नेछ।

१२. <u>जेष्ठताक्रम कायम गर्ने:-</u> (१) खुल्ला प्रतियोगिताबाट पदपूर्ति भएका नगर प्रहरी निरिक्षक र नगर प्रहरी सहायक निरिक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभुत तालिम प्राप्त गरेको अंक र शैक्षिक योग्यताको आधारमा कायम गरिनेछ ।

(२) आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट पदपुर्ति भएका बहालवाला नगर प्रहरीको हकमा पदपुर्ति समितिले सिफारिश गरेको योग्यताक्रमलाई नै जेष्ठताको क्रम मानिनेछ ।

१३. <u>परिक्षण कालमा राखिने:-</u> (१) नयाँ नियुक्ति गरिएका नगर प्रहरी कर्मचारीलाई एक वर्षको परिक्षण कालमा राखिनेछ। तर महिला नगर प्रहरी कर्मचारीलाई हकमा परीक्षण कालको अवधि छ महिनाको मात्र हुनेछ ।

(२) उपदफा (१) बमोजिम परीक्षण कालमा रहेको कुनै नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले कारण खुलाई पर्चा खडा गरी अवकाश दिन सक्नेछ ।

१४. <u>नियुक्ति बदर हुने अवस्था:-</u> (१) नियुक्ति गर्ने अधिकारीले देहायको अवस्थामा नगर प्रहरी कर्मचारीकव नियुक्ति बदर गर्न सक्नेछ ।

(क) परीक्षण कालमा जिम्मेवारी बहन गर्न असक्षम खेखिएमा वा आचारण सन्तोक्षजनक नभएमा,

(ख) नगर प्रहरी बधारभुत तालिममा असफल भई तोकिएको बमोजिम मौका दिँदा समेत सफल हुन नसकेमा,

(ग) यस ऐन बमोजिमको योग्यता नभएको वा नरहेको प्रमाणित भएमा।

१५. <u>शपथ ग्रहण:-</u> नगर प्रहरी नियुक्ति गर्न अख्तियार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

१६. <u>पदाधिकार कायम रहने:-</u> (१) देहायको अवस्थामा नगर प्रहरीको आफ्नो पदाधिकार कायमै रहनेछ ।

(क) आफ्नो पदमा कामकाज गरी रहँदासम्म,

(ख) बिदामा बसेको अवधिभर,

(ग) निलम्वनमा रहेको अवधिभर,

(घ) नगरपालिकाद्वारा तोकिएको अन्य कार्य गरुन्जेलको अवधिभर,

(ङ) अन्य पदमा कायम मुकायम भई काम गरेको अवधिभर ।

१७. यस ऐन बमोजिम कार्यरत शैक्षिक योग्यता पुगेका नगर प्रहरीलाई माथिल्लो तहमा करार बमोजिम नियुक्ति गर्दा निजले तल्लो पदमा रही कार्य गदाको कार्य सम्पादन मुल्याङकन, ज्येष्ठता र दक्षताको मुल्याङ्कन, तालिममा प्राप्त गरेको अंकलाई विशेष प्राथमिकता दिईनेछ ।

## <u>परिच्छेद-४</u>
## <u>आचरण सम्बन्धि व्यवस्था</u>

१८. <u>आचरण:-</u>नगर प्रहरीले देहाय बमोजिमको आचरण पालना गर्नु पर्नेछ:

(क) प्रचलित कानून तथा नगरपालिकको निर्णय, नीति नियमको पालना गर्नु पर्नेछ ।

(ख) कामको सिलसिलामा सुपरीवेक्षक वा सम्बन्धित माथिल्लो दर्जाको कर्मचारीलले दिएको आदेशको पालना गर्नु पर्नेछ,

(ग) नगरपालिकाका कर्मचारी, सेवाग्राही तथा नगरवासी प्रति सम्मान र आदरभाव राख्नु पर्नेछ,

(घ) स्वच्छ चरित्र एंव आचारण युक्त हुनु पर्नेछ,

(ङ) डयुटीमा खटिएको समयमा पान, गुटखा, सूर्तिजन्य पदार्थ वा मध्यपान गर्नु हुदैन,

(च) नगरपालिका वा कार्यालयको अहित हुने कुनै कार्य गर्नु गराउनु हुदैन,

(छ) राजनिति वा राजनैतिक गतिविधि धर्ना, जुलुसमा सामेल हुनु हुदैन,



CamScanner

(ज) नियुक्ति भएको मितिले तीन महिना भित्र तोकिएको ढाँचामा नगरपालिका समक्ष सम्पति विवरण दाखिला गर्नु पर्नेछ,

(झ) कार्यालयको पूर्वस्वीकृति नलिई कुनै पनि किसिमको व्यापार व्यवसाय गर्नु हुदैन,

(ञ) कार्यालयको पूर्वस्वीकृति नलिई आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको कुनै पनि सूचना अधिकार प्राप्त व्यक्ति वा संस्था वाहेक अन्य व्यक्ति वा संस्थालाई जानकारी गराउनु हुदैन,

(ट) कार्यालयको अनुमति नलिई कार्यालयको कामकारवाहीका सवन्धमा कुनै सन्चार माध्यमा आफ्नो वास्तविक वा काल्पनिक नामबाट वा वेनामी कुनै लेख प्रसारण प्रकाशन गर्न गराउन हुदैन,

(ठ) नगरपालिकाको निति विपरित नगरपालिकाको प्रतिष्ठामा आँच आउने गरी विचार व्यक्त गर्न वा सम्वाद, लेख रचना प्रकाशन गर्नु हुदैन,

(ड) कुनै पनि राजनीतिक दलको निर्वाचनमा भाग लिन वा मत मागन वा कुनै प्रकारले प्रभाव पार्न हुदैन,

(ढ) कुनै पनि राजनीतिक दल र सो सँग सम्वन्धित संस्थाको सदस्य बन्न, राजनितिमा भाग लिन, राजनितिक संस्थालाई चन्दा दिन अथवा कुनै राजनितिक संस्था वा आन्दोलनलाई सहयोग गर्नु हुदैन,

(ण) नियमित रुपले तोकिएको समयमा कार्यालयमा हाजिर हुनु पर्ने र विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुनु हुदैन,

(त) नगर प्रहरीले आफु भन्दा माथिल्लो दर्जाको अधिकारीको अधिनमा रही कार्य सम्पादन गर्नु पर्नेछ

(थ) कार्य सम्पादनको सिलसिलामा कसैलाई कुनै अनुचित प्रभावमा पार्न र कसैको कुनै अनुचित प्रभावमा पर्न हुदैन,

(द) प्रचलित नेपाल कानूनको प्रतपकूल हुने गरी बाल विवाह, बहु विवाह गर्नु गराउनु हुदैन,

(ध) नगर प्रहरी लैगिंक संवेदनशील हुनु पर्नेछ,

(न) आफु भन्दा माथिल्लो वा तल्लो तहका कर्मचारी उपर हातपात वा कुनै प्रकारको आक्रमण वा जोरजुलुम गर्न गराउन हुदैन,

(प) अन्य मुलुकको स्थायी आवासीय अनुमति लिन वा लिनका निम्ति आवेदन गर्न हुदैन,

(फ) सेवा प्रदायक वा निजको परिवारको सदस्यबाट कुनै प्रकारको दान, दातव्य, कोसेली, वा उपहार स्वीकार गर्न हुदैन। चन्दा मागन वा सापटी लिन हुदैन,

(व) कसैलाई यातना दिन र यौनजन्य दुर्व्यबहार गर्न हुदैन,

(भ) आफुलाई तोकिएको जिम्मेवारी र कर्तव्य निष्पक्षता एंव निर्भिकतापूर्वक बहन गर्नु पर्दछ,

(म) आफू सेवा वा जिम्मेवारीकवाट अलग हुँदा अनिवार्य रुपमा आफ्नो जिम्माको नगदी जिन्सी र कागजपत्र वरबुझारथ गरी फरफराक लिनु पर्नेछ

## परिच्छेद-५
## सजाय र पुनरावेदन

१९. सजायः- उचित पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई अख्तियारवालाले देहायको सजाय गर्न सक्नेछः

(१) सामान्य सजायः-

(क) नसिहत दिने वा प्रतिकूल राय लेख्ने ।

(ख)शारीरिंक थकाई (Fatigue) हुने सजाय गर्ने ।

(ग) तलब वृद्धी वा पदोन्नति रोक्का गर्ने ।

(२) विशेष सजाय :-

(क) भविष्यमा सरकारी सेवामा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने ।

(ख) भविष्यमा सरकारी सेवामा अयोग्य ठहरिने गरी नोकरी बाट बर्खास्त गर्ने ।

(३) नगर प्रहरीले लापरवाही गरेको कारणबाट नगरपालिकालाई नोक्सानी भएको बिगो सम्पूर्ण वा आंशिक रुपमा निजको तलबभत्ताबाट कट्टी गरी असूल उपर गर्न सकिने छ ।

(४) नगरपालिकाको कार्यालयले सजायको अभिलेख उद्यावधिक गरि राख्नेछ

२०. नसिहत दिने वा प्रतिकुल राय लेख्ने :नगर प्रहरी कर्मचारीले काममा लापरवाही गरेमा नसिहत दिनसकिनेछ। तीन पटकसम्म नसिहत दिँदा पनि निजले काममा लांपरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ।

२१. तलब, सेवा सुविधा वा आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन रोक्का गर्ने:नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा वा मनासिव कारण नभई वा बिदा नलिई गैर हाजिर रहेमा वा अनुशासनहिन काम गरेमा वा आचरण सम्बन्धी नियमको उलङ्घन गरेमा वा पदको जिम्मेवारी अनुसारको आचरण नगरेमा वा डयुटीमा भएको अवस्थामा मादक पदार्थ सेवन गरेमा वा डयुटीमा नरहेको अवस्थामा पनि वर्दीको पोशाक लगाई मादक पदार्थ सेवन गरेमा वा जथाभावी गरेमा सजाय गर्ने अधिकारीले निजको तलब वा अन्य सेवा सुविधा वा आन्तरिक प्रतिस्पर्धामा सहभागी हुन रोक्का गर्न सक्नेछ।

२२.नोकरीबाट बर्खास्त गर्ने: (१)देहायको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई भविष्यमा नोकरीबाट अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्न सक्नेछः-

(क) राजनितिमा भाग लिएमा वा राजनितिक दलको सदस्यता लिएमा वा निर्वाचनमा उम्मेदवार भएमा।

(ख) सरकार वादी हुने फौजदारी मुद्दामा कैदको सजाय पाई मुद्दा अन्तिम भएकोमा।

(ग) बिदा स्वीकृत नगराई लगातार तीस दिन डयुटिमा अनुपस्थित भएमा।

(घ) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेमा।

(ङ) आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा।

(च) पटक पटक अनुशासनहिन काम गरेमा।

(२) देहायको अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई भविष्यमा नोकरीबाट अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्न सक्नेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा ।

(ख) भ्रष्टाचार गरेको ठहर भएमा।

(ग) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएमा वा स्थायी आवासीय अनुमति लिनका लागि आवेदन गरेमा।

(घ) नोकरी वा आन्तरिक प्रतिस्पर्धाको माध्यमबाट नियुक्ति पाउनका लागि नागरिक्ता, उमेर र योग्यता ढाँटेको प्रमाणित भएमा।

(ङ) बहुविवाह गरेको प्रमाणित भएमा।

२३. सजाय दिने अधिकारी : देहायको नगर प्रहरीलाई विभागीय सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछः

(क) नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर प्रमुखले।



CamScanner

ख) अन्य प्रहरी कर्मचारीको हकमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले।

२४. <u>सजाय सम्बन्धी कार्यविधि:</u> (१) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको व्यहोरा उल्लेख गरी हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना दिंदा लगाइएको आरोप स्पष्टरुपले किटिएको हुनु पर्नेछ। त्यस्तो नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले पन्ध्र दिन भित्र आफ्नो सफाईको प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ। तर देहायको अवस्थामा सफाई पेश गर्ने मौका दिइने छैन।

(क) भागी ठेगाना पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरीको हकमा

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर भई अन्तिम फैसला भएको नगर प्रहरीको हकमा

(३) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा सजाय गर्नु भन्दा अघी त्यस्ता नगर प्रहरीको हकमा स्वयम वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गर्न/गराउन सक्नेछन। जाँचबुझ गर्ने अधिकारीले आवश्यकता अनुसार प्रमाण संकलन गरी सम्बन्धित नगर प्रहरीसँग बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नु पर्नेछ।

(४) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचबुझ गर्नु परेमा सजाय गर्ने अधिकारीले जाँच बुझ सम्पन्न नभइन्जेल निजलाई निलम्बन गर्न सक्नेछ। तर यस्तो निलम्वनको अवधि ३ महिना भन्दा बढी हुने छैन।

(५) उपदफा (४) बमोजिम निलम्बन अवस्थामा रहेको नगर प्रहरीलाई निजले पाउने तलब भत्ताको आधा रकम भुक्तानी दिइनेछ।

(क)निलम्वित नगर प्रहरीउपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको आधा तलव पाएको भए सो कट्टा गरी र नपाएको भए तलव वृद्धी हुने भएमा सो समेतको पुरै रकम पाउनेछ। यदि कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन।

(ख) कुनै नगर प्रहरी नगरपालिकाको कामको सिलसिलामा निलम्बन भएको नभई अरु कुनै कारणबाट निलम्बन भएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन।

२५. <u>सजायको आदेश दिने:</u> जाँचबुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरीलाई निजसँग स्पष्टीकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दि पर्नेछ।

२६. <u>पुनरावेदन सुन्ने अधिकारी:</u> पुनरावेदन सुन्ने अधिकारी देहाय बमोजिम हुनेछ।

(क) दफा २९ को खण्ड (क) बमोजिम नगर प्रमुखले गरेको विभागीय सजाय उपरको पुनरावेदन सम्बन्धि जिल्ला अदालतमा र

(ख) दफा २९ को खण्ड (ख) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको विभागिय सजाय उपरको पुनरा सुन्ने नगर प्रमुख।



CamScanner

२७. <u>पुनरावेदनको कार्यविधि:</u> (१) दफा २९ बमोजिम दिइएको सजायको आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने नगर प्रहरीले आफ्नो नामबाट पुनरावेदन दिनु पर्नेछ।

(२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदन लेख्दा शिष्टभाषामा लेखिएको हुनु पर्नेछ। आफ्नो सफाईको निमित्त भएको प्रमाण संलग्न राखी जुन आदेशको बिरुद्ध पुनरावेदन गरिएको हो सो आदेशको नक्कलसमेत पुनरावेदनको साथमा राखु पर्नेछ।

(३) सजायको सूचना पाएको पैतीस दिन भित्र पुनरावेदन दिनु पर्नेछ ।

**२८. नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलब भत्ता पाउने:** कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा बर्खास्त गर्ने आदेश कुनै निकाय वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मिति देखि पुनर्वहाली भएको मिति सम्मको पूरा तलब निजले पाउनेछ।

## <u>परिच्छेद-६</u>

## <u>बिदा</u>

२९. <u>नगर प्रहरी कर्मचारीले पाउने बिदा:</u> (१) नगर प्रहरी कर्मचारीले देहाय बमोजमको बिदाहरु पाउनेछः

(क) महिनाको एक दिनका दरले घर बिदा वार्षिक जम्मा १२ दिन।

(ख) महिनाको एक दिनका दरले बिरामी बिदा वार्षिक जम्मा १२ दिन।

(ग) मृत्यु संस्कार बिदा बढीमा १५ दिन सम्म।

(घ) प्रसुति बिदा ९० दिन, सेवा अवधिभर दुइपटक मात्र।

(ङ) प्रसुति स्याहार बिदा- १५ दिन, सेवा अवधिभर दुइपटक मात्र।

(च) सट्टा बिदा र अतिरिक्त सेवा बिदा तोकिए बमोजिम हुनेछ।

(२) नगर प्रहरीले अधिकारको रुपमा बिदाको दावी गर्न पाउने छैन।

(३) नगर प्रहरीले बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुनुहुदैन।

तर, विशेष परिस्थिती परी बिदा बस्नु परेको अवस्थामा अनुपस्थित अवधीको बिदाको निवेदन गरी पाउने बिदा अवधिमा कट्टा हुने गरी बिदा स्वीकृत गराउन सकिने छ।

(४) कामको अनुकुलता हेरी बिदा दिने अधिकारीले माग बमोजिमको बिदा दिन अथवा नदिन पनि सक्नेछ। साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ।

३०. <u>बिदा नलिई गैर हाजिर हुने नगर प्रहरीलाई सेवाबाट हटाउन सकिने:</u> (१) नगर प्रहरीले यस ऐन वा यस अन्तर्गत बनेको नियमावली बमोजिम बिदा स्वीकृत नगराई लगातार तिस दिन गैर हाजिर भएमा त्यस्तो नगर प्रहरीलाई सेवाबाट हटाउन सकिने छ।

तर विशेष परिस्थिती परी उपस्थित हुन नसकेको उपयुक्त कारण खुलाई प्रमाण सहित निवेदन गरेको र सो निवेदन व्यहोरा साँचो देखिन आएमा अख्तियारवालाले सो गैर हाजिर भएको अवधिको बिदा स्वीकृत गरी दिन सक्नेछ।



CamScanner

## परिच्छेद-७

### तलब भत्ता, अवकाश, उपदान, तथा उपचार खर्च

३१. नगर प्रहरी कर्मचारीको तलब भत्ता नेपाल सरकारले तोके बमोजिम तहगत रुपमा पाउने तलब स्केलको आधारमा करारमा उल्लेख भए अनुसार हुनेछ। अन्य सेवा सुविधाको हकमा तोकिए बमोजिम हुनेछ।

(क) कर्मचारीहरुले आफ्नो धर्म, संस्कृति, परंपरा अनुसार मनाउने चाडपर्व मनाउनको लागि खाइपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा लिन पाउने छन। यस्तो रकम एक आर्थिक बर्षमा एक पटक निजले मनाउने मुख्य चाडपर्वको अवसरमा भुक्तानी लिन सक्ने छन्।

३२. **अनिवार्य अवकाश:** नगर प्रहरी जवान ५८ वर्ष उमेर पुरा भएपछी र अन्य पदका नगर प्रहरी कर्मचारीले ६० वर्ष उमेर पुरा भएपछी अनिवार्य अवकाश पाउने छन।

३३. नगर प्रहरीलाई तोकिए बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सकिने छ।

३४. तोकिए बमोजिम नगर प्रहरी कर्मचारीलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गर्न सकिनेछ।

## परिच्छेद-८

### विविध

३५. **पोशाक, चिन्ह आदि:** (१) नगर प्रहरीको दर्जानी चिन्ह अनुसुचि-३ बमोजिम हुनेछ।

(२) नगर प्रहरीको पोशाकको रंग तथा निजले प्रयोग गर्ने सुरक्षा तथा सञ्चारका साधन अनुसुचि-४ बमोजिम हुनेछ।

३६. **निरीक्षण र निर्देशन:** प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको डयुटीको जुनसुकै बखत निरीक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ। निजको निर्देशनको पालना गर्नु नगर प्रहरीको कर्तव्य हुनेछ।

३७. **आवाश:** (१) नगर प्रहरीलाई ब्यारेक प्रणालीमा बस्ने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

(२) नगर प्रहरीलाई ब्यारेक प्रणालीमा प्राप्त हुने सुविधा तोकिए बमोजिम हुनेछ।

३८. **पुरस्कार तथा प्रोत्साहन:-** नगर प्रहरीले आफ्नो कर्तव्य पालनको सिलसिलामा उल्लेखनिय काम गरे बापत निजलाई नगरपालिकाको निर्णयले प्रोत्साहन स्वरुप आर्थिक सुविधा एवं प्रशंसापत्र प्रदान गर्न सक्नेछ।

३९. **तालिम:** (१) नगरपालिकाद्वारा नगर प्रहरीलाई सेवा प्रवेश गरे पश्चात अनिवार्य आधारभुत तालिम लिनु पर्ने गरी व्यवस्था गरिने छ।

(२) नगरपालिकाले समय समयमा सुरक्षा सम्बन्धि तथ अन्य आवश्यक तालिमको व्यवस्था गर्नेछ।

(३) तालिम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४०. **विशिष्टिकृत काममा खटाउन सक्ने:** नगर कार्यपालिकाले नगर प्रहरी कर्मचारीलाई यस ऐनको अधिनमा रही अन्य विशिष्टिकृत काममा खटाउन सक्नेछ।

४१. **बचाउ:** नगर प्रहरी कर्मचारीले आफ्नो ओहोदाको कर्तव्य पालनको सिलसिलामा गरेको कामका सम्बन्धमा निज वहालमा रहदा वा वहाल टुटिसके पछी पनि अख्तियारवालालाई जानकारी नदिई निज उपर मुद्दा चलाउन सकिने छैन। स्वीकृती लिई चलेको मुद्दाको प्रतिरक्षा नगरपालिकाले गर्नेछ।

४२. **बाधा अड्काउ फुकाउ:** (१) यस ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा नगर प्रमुखले आदेश जारी गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको आदेश नगर कार्यपालिकाको बैठकबाट एक महिना भित्र अनुमोदन गराई सक्नु पर्नेछ।



CamScanner

**३. नियम, निर्देशिका, कार्यविधि बनाउन सक्ने:** यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, मापदण्ड, कार्यविधि बनाउन सक्नेछ।

**४. खारेजी र बचाउः-** (१) यस ऐनमा लेखिएको जतिमा यसै ऐन बमोजिम र नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) मिति २०७४ ~~साल अघि~~ सालमा अस्थायी ,करार वा ज्यालादारीमा सेवामा नियुक्ति पाई अविछिन्न रुपमा सेवारत रहेका नगर प्रहरी कर्मचारीहरु वा सुरक्षा गार्ड यस ऐन बमोजिम समान पदमा समायोजन हुनेछन्।

(३) यो ऐन लागु हुनु अगावै भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

अनुसुची-१

(दफा १० को उपदफा १ सँग सम्बन्धित सूचनाको ढाचाँ)

## रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सुनसरी, कोशी प्रदेश नेपाल
## नगर प्रहरी सेवा करारमा लिने सम्वन्धी सूचना

रामधुनी नगरपालिका अन्तर्गत रहने गरी देहायको पद, संख्यामा नगर प्रहरी कर्मचारी करारमा भर्ना गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको जानकारीका लागी यो सुचना प्रकाशन गरिएको छ । दरखास्त फारम, ... कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तसहितको विस्तृत विवरण कार्यालयवाट वा नगरपालिकाको वेभसाईटवाट ... गर्न सकिन्छ ।

| क.स. | विज्ञापन नं. | पद | किसिक | पदसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | खुल्ला | | |
| २. | | | महिला | | |
| ३. | | | दलित | | |
| ४. | | | आ.ज | | |
| ५. | | | थारु | | |
| ६. | | | मधेशी | | |

१.योग्यता :

क) नगर प्रहरी सहायक निरिक्षकका लागि :

१. नेपाली नागरिक ।

२. मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरेको ।

३. उमेर १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी सहायक निरिक्षक पद वा सो भन्दा माथि, नेपाली सेनाको जमदार वा सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको।

४. कुनै पनि पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको ।

५.मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

६. सम्बन्धित प्रहरी कार्यालयवाट जारी चारित्रिक प्रमाणपत्र ।

७. पुरुषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती : ३१-३३ ईन्च, तौलः ५२ के.जी. र महिलाको हकमा उचाईः ५ फिट, तौलः ५० के.जी., आँखाः माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।

(ख) नगर प्रहरी हवल्दारको लागि

१. नेपाली नागरिक ।

२. मान्यता प्राप्त शैक्षिक संस्था बाट SEE तह वा सो सरह उतीर्ण गरेको ।

३.उमेरः- १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी हवल्दार/ जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी हवल्दार/जवान पद वा सो भन्दा माथि, नेपाली सेनाको हवल्दार/जवान पद सो भन्दा माथिको पदबाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको

।

४.कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

६. सम्वन्धित ईलाका प्रहरी कार्यालयबाट जारी चारित्रिक प्रमाणपत्र ।

७. पुरुषको हकमा घटिमा उचाईः- ५फिट २ ईन्च, छातिः ३१-३३ ईन्च, तौलः ५२ के.जी. र महिलाको हकमा उचाईः- ५ फिट, तौलः ५०के.जी., आँखाः माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको

(ग) नगर प्रहरी जवानको लागि

१. नेपाली नागरिक ।

२. मान्यता प्राप्त शैक्षिक संस्था बाट SEE तह वा सो सरह उतीर्ण गरेको ।

३.उमेर १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको वा नेपाल प्रहरीको प्रहरी जवान पद वा सो भन्दा माथि, सशस्त्र प्रहरी बल नेपालको सशस्त्र प्रहरी जवान पद वा सो भन्दा माथि , नेपाली सेनाको जवान पद सो भन्दा माथिको पदवाट अवकाश प्राप्त भएको व्यक्तिको हकमा ४५ वर्ष उमेर ननाघेको ।

४.कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको

५. मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र ।

६. सम्वन्धित ईलाका प्रहरी कार्यालयबाट जारी चारित्रिक प्रमाणपत्र ।

७. पुरुषको हकमा घटिमा उचाईः ५ फिट २ ईन्च, छाती : ३१-३३ ईन्च, तौलः ५२ के.जी. र महिलाको हकमा उचाईः ५ फिट, तौलः ५० के.जी., आँखाः माईनस २ वा प्लस २ भन्दा वढी कमजोर नभएको ।

२. दरखास्तमा संलग्न गर्नुपर्ने : उम्मेद्वारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।पूर्व नेपाली सेना, शसस्त्र प्रहरी बल, नेपाल र नेपाल प्रहरीले सम्वन्धित निकायबाट तोकिएको सेवा गरेको अनुभव पत्र दरखास्त फारम संगै पेश गर्नु पर्नेछ ।

३. परिक्षाको किसिमः शारिरीक तथा स्वास्थ्य परिक्षण र अन्तरवार्ता

४. परिक्षा केन्द्रः नगरपालिकाले तोके बमोजिम हुने ।

५. दरखास्त दस्तुरः पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुने ।



CamScanner

अनुसुची-२

(दफा १० को उप दफा २ सँग सम्बन्धित )

रामधुनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सुनसरी, कोशी प्रदेश, नेपाल

## नगर प्रहरी करार सेवाका लागि दरखास्त

| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो |
|---|

दरखास्त दिनेको नाम :

विज्ञापन नम्बर:

फाराम पेश गर्ने कार्यालय:

व्यक्तिगत विवरण:

| | | | |
|---|---|---|---|
| व्यक्तिगत विवरण: | नाम थर | (देवनगरीमा) ........................ | |
| | | (अंग्रेजी ठुलो अक्षरमा)........... | लिङ्ग: |
| | नागरिकता नम्बर.......... | जारी गर्ने जिल्ला......... | जारी मिति...... |
| स्थायी ठेगाना | जिल्ला.................. टोल..................... | ख) न.पा. (ङ) मार्ग/घर नं. | वडा नं. (च)फोन नं./ मोबाइल नं. |
| पत्राचार गर्ने ठेगाना | | | ईमेल: |
| वावुको नाम,थर: | | जन्म मिति: (वि.सं.मा): | |
| | ई.स.मा | | |
| वाजेको नाम, थर | | हालको उमेर: बर्ष: | महिना: |

शैक्षिक योग्यता /तालिम:

दरखास्त फारम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता र तालिम मात्र उललेख गर्ने:

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/ बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधी/तालिम | संकाय | श्रेणी/तह | मूल विषय |
|---|---|---|---|---|---|
| | | | | | |



CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| तालिम | | | | | |

अनुभव सम्बन्धी व्यवस्था:

| कार्यालय | पद | सेवा/समुह/उपसमुह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखी | सम्म |
| | | | | | | |
| | | | | | | |

आवेदकले यस दरखास्तमा बुझाएको सम्पूर्ण विवरणहरु सत्य साचो छ । दरखास्त बुझाएको पदको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन ।यस दरखास्तमा पेश गरेको विवरण झुठा सावित भए कानून बमोजिम सहूँला/बुझाउँला ।उम्मेदवारको हैसियतले पालना गर्नुपर्ने भनी प्रचलित कानून तथा आवेदनमा उल्लेखित सबै नियम तथा शर्तहरुको पालना मञ्जुर छु ।साथै सम्झौतामा उल्लेख सबै शर्तहरुको पालना गर्नेछु र सम्झौताको समय भन्दा अगावै करारको अन्त्य गर्नुपर्दा कम्तीमा तीन महिनाको पूर्वसूचना दिनेछु ।

<table>
<tr><td colspan="2">उम्मेदवारको नाम:</td><td rowspan="2">उम्मेदवारको दरखास्त र मिति:</td></tr>
<tr><td>दायाँ</td><td>वायाँ</td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td colspan="3">कार्यालयले भर्ने:</td></tr>
<tr><td>रसिद/भौचर नं.</td><td></td><td>रोल नं.</td></tr>
<tr><td colspan="3">दरखास्त अस्वीकृत भए सो को कारण:</td></tr>
<tr><td colspan="3">दरखास्त रुजु गर्ने अधिकारीको नाम र दरखास्त:</td></tr>
</table>

## अनुसूची-३

(दफा ११ (४) संग सम्बन्धित करार सम्झौताको ढाँचा)

रामधुनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

झुम्का, सुनसरी, कोशी प्रदेश

करार सम्झौता

ुनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय( यसपछि यस सम्झौतामा प्रथम पक्ष भनी सम्बोधन गरिएको) ......................................महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका, वडा नं.....................बस्ने ..................................................(यसपछि यस सम्झौतामा दोस्रो पक्ष भनी सम्वोधन गरिएको) का रामधुनी नगरपालिकाको कर्मचारीको रुपमा कामकाज गर्न/गराउन मिति...............................को निर्णय ुसार देहायका कार्य र शर्तको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउनु मञ्जुर भएकाले करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं/दियौं:

(१) कामकाज सम्बन्धमा: दोस्रो पक्षले आफुलाई तोकिएको जिम्मेवारी अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप कार्य समेत गर्नु पर्नेछ ।

(२) काम गर्नुपर्ने स्थान: रामधुनी नगरपालिकाको भौगोलिक क्षेत्रभित्र।

(३) करारमा काम गरे बापत पाउने पारिश्रमिक तथा सेवा सुविधा प्रत्येक महिना महिना व्यतित भएपछि पहिले पक्षले दोस्रो पक्षलाई मासिक रुपमा रु.......................... (अक्षरेपी ..............................) पारिश्रमिक उपलब्ध गराउनेछ। सेवा सुविधाको हकमा भने नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) आचरणको पालना: दोस्रो पक्षले रामधुनी नगरपालिकाको प्रचलित कानुनमा व्यवस्था भएमा आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थनहरु पालना गर्नुपर्नेछ ।

(५) विदा: सेवा करारमा नियुक्त नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन । कामको अनुकुल हेरी विदा दिने अधिकारीले आवश्यकताका आधारमा विदा दिन अथवा नदिन सक्नेछ । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । अन्य बिदाको हकमा भने रामधुनी नगरपालिकाको नगर प्रहरी सेवा सञ्चालन कार्यविधि,२०८० मा व्यवस्था भए बमोजिम हुनेछ ।

(६) कार्यालय सम्पत्तिको सुरक्षा: दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपुर्ति वा हानी नोक्सानीको विगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ छ ।

(७) गोपनियता : दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा संस्थालाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपुर्ति दोस्रो पक्षबाट भराईनेछ र कालो सुचीमा समेत राखी कानून बमोजिम कारवाही गरिनेछ ।

(८)करार अवधि: यो करार मिति.............देखी लागू भई मिति.................सम्मको लागि हुनेछ ।



CamScanner

(९) कार्यसम्पादन मुल्याङ्कन: पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मुल्याङ्कन र सो मुल्याङ्कन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त करार अवधि थप हुन सक्नेछ ।


(१०) पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य: दोस्रो पक्षले पहिलो पक्षबाट विदा स्वीकृत नगराई लगातार अनुपस्थित रहेमा सो अवधिको पारिश्रमिक दामासाहीले कट्टा गरिनेछ ।

(११) दावी नपुग्ने: दोस्रो पक्षले करार बमोजिम काम गरेको आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दावी गर्न पाउने छैन र गर्ने छैन ।

(१२) प्रचलित कानुन लागू हुने: यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

| रामधुनी नगरपालिकाको तर्फबाट: | दोस्रो पक्ष : (करार गर्ने व्यक्ति) |
| --- | --- |
| हस्ताक्षर: | हस्ताक्षर: |
| नाम: | नाम: |
| पद: | पद: |
| मिति: | मिति: |
| कार्यालयको छाप: | |

## अनुसुची-४
## (दफा ३५ को १ सँग सम्बन्धित पद, तह र दज्यार्नी चिन्हको विवरण)

| क्र.स | पद | तह | दज्यार्नी चिन्ह | संकेत | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रहरी सहायक निरिक्षक | रा.प.अनं.द्धीतीय | एक तारा |  | |
| २. | हवल्दार | रा.प.अनं तृतीय | तीन धर्सा(विल्ला) |  | |
| ३. | नगर प्रहरी जवान | रा.प.अनं चतुर्थ | (रिवन - किनारामा चुस्ता र बीचमा रातो रंग) |  | |

## अनुसुची-५

(दफा ३४ को २ सँग सम्बन्धीत पोशाकको विवरण)

प्रति नगर प्रहरी कर्मचारीको लागि

...कको रंग: गाढा हरियो

...ताको रंग: कालो

...(कटन,उलन) २ नं. पोशाक (चुस्ता)

| ...स. | सामाग्रीको विवरण | अवधि,परिमाण |
|---|---|---|
| | सर्ट पाइन्ट कटन | वर्षमा १ पटक |
| | सर्ट पाइन्ट उलन | २ वर्षमा १ पटक |
| | छालाको कालो पेटी | ३ वर्षमा १ पटक |
| | ब्यारेप क्याप ,र हेड ब्याज | २ वर्षमा १ पटक |
| ... | छालाको बुट | २ वर्षमा १ पटक |
| ... | चेष्ट प्लेट | वर्षमा १ पटक |
| ... | चेष्ट प्लेट( पित्तल) | ३ वर्षमा १ पटक |
| ... | कुम ब्याज | २ वर्षमा १ पटक |
| ... | आर्म ब्याज | २ वर्षमा १ पटक |
| १०. | कम्बल | ३ वर्षमा २ थान |
| ११. | ज्याकेट | ३ वर्षमा २ थान |
| १२. | मोजा | ६ महिनामा १ जोर |
| १३. | उनीको जर्सि | ३ बर्षमा १ थान |
| १४. | तन्ना, दरी | १ बर्षमा १ थान |
| १५. | गेम ड्रेस(ट्रयाक सुट) | १ बर्षमा १ थान |
| १६. | बर्सादी | २ बर्षमा १ थान |
| १७. | पानी बुट | २ बर्षमा १ जोर |
| ... | गेम कट्टु | १ बर्षमा १ जोर |
| १९. | सिटी एवम सिटी कर्ड | १ बर्षमा १ थान |
| २०. | चुस्ता टोपी | १ बर्षमा १ थान |
| २१. | बेल्ट(कपडाको | २ बर्षमा १ थान |
| २२. | पिटी जुत्ता | १ बर्षमा १ जोर |

आज्ञाले,

प्रमोद कुमार चौधरी

प्रमुख प्रशासकिय अधिकृत (सचिव)

रामधुनी नगरपालिका